म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१४ अङ्कः- २६१ २०८० साउन ३१ गते बुधबार 16 August 2023, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)
हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।

**सम्पर्क** ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

## भीमफेदी गाउँपालिकाका श्रमिक र स्वरोजगारलाई पनि सामाजिक सुरक्षा



*सामाजिक सुरक्षा कोष र भीमफेदी गाउँपालिकाबीच सम्झौतापत्र साटासाट गर्नुहुँदै कार्यकारी निर्देशक र पालिका अध्यक्ष ।*

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्लाको भीमफेदी गाउँपालिकामा श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिलाई पनि सामाजिक सुरक्षा कोषमा समावेश गरिने भएको छ । गाउँपालिकाको पहलमा एक सयजनालाई सामाजिक सुरक्षा कोषमा सहभागी गराउने गरी सामाजिक सुरक्षा कोषसँग सम्झौता गरिएको छ । गाउँपालिकाका अध्यक्ष हिदम लामा र कोषका कार्यकारी निर्देशक कृष्णप्रसाद ज्ञवालीबीच बुधबार सम्झौतापत्रमा हस्ताक्षर गरिएको छ ।

अनौपचारिक क्षेत्रमा कार्यरत व्यक्तिलाई राज्यको सुविधा उपलब्ध गराउने उद्देश्यले भीमफेदी गाँउपालिकाको गाँउसभाबाट स्वीकृत गरेर कोषसँग सम्झौता गरिएको गाउँपालिका अध्यक्ष लामाले जानकारी दिनुभएको छ। सामाजिक सुरक्षा कोषमा महिला स्वास्थ्य स्वयम्सेविका, कृषि क्षेत्रका मजदुर, दैनिक ज्यालादारी गर्ने व्यक्तिलाई समावेश गर्ने लक्ष्य राखिएको उहाँको भनाइ छ । अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा समावेश गराउने भीमफेदी गाउँपालिका बागमती प्रदेशमै पहिलो पालिका भएको अध्यक्ष लामाको दावी छ ।

"हामी हाम्रो पालिकाको अनौपचारिक क्षेत्रमा कार्यरत व्यक्तिले पनि राज्यको पेन्सन कार्यक्रमबाट लाभ हासिल गरोस् भन्ने अपेक्षा गरेका छौं", गाउँपालिका अध्यक्ष लामाले भन्नुभयो, "यसरी अनौपचारिक क्षेत्रका व्यक्तिलाई सामाजिक सुरक्षा कोषमा समावेश गराउने भीमफेदी गाउँपालिका प्रदेशकै पहिलो पालिका हो भने देशकै दोस्रो पालिका हो । यसअघि स्याङ्जा जिल्लाको फेदी गाउँपालिकाले सामाजिक सुरक्षा कोषमा सहभागी भइसकेको छ ।" चालु आर्थिक वर्षमा भीमफेदी गाउँपालिकाले सामाजिक सुरक्षा कोषमा अनौपचारिक क्षेत्रका व्यक्तिलाई समावेश गराउन १० लाख रुपैयाँ बजेट विनियोजन गरेको अध्यक्ष लामाले जानकारी दिनुभयो ।

गाउँपालिकाले कोषमा सहभागी हुन चाहने श्रमिक, मजदुरको सूचि तयार पारी उनीहरुबाट प्राप्त गर्नुपर्ने योगदान रकम संकलन गरी पालिकाको तर्फबाट योगदान गर्ने रकम एकमुष्ठ दाखिला गर्नुपर्ने हुन्छ । यस्तै कोषमा योगदान गर्ने श्रमिक, मजदुरको आफ्नो हक, अधिकार दावी गर्दा पालिकाले आवश्यक सहजीकरण गर्नुपर्नेछ । कोष र पालिकाबीचको सम्झौता गर्ने क्रममा पालिकाका प्रमुख प्रशासकीय अधिकृत भीमलाल महर्जनको पनि उपस्थिति रहेको थियो ।

## कक्षा १२ को नतिजा सार्वजनिक

काठमाडौंः राष्ट्रिय परीक्षा बोर्डले यस वर्षको कक्षा १२ को नतिजा सार्वजनिक गरेको छ । गत वैशाख २६ गतेदेखि जेठ ५ गते सञ्चालित परीक्षाको नतिजा मंगलबार सार्वजनिक गरेको हो । नियमित र ग्रेडवृद्धि गरी ४ लाख ४८ हजार विद्यार्थी सहभागी भएकामा करिब ५१.९१ प्रतिशत मात्र ग्रेडेड (उत्तीर्ण) भएका छन् । त्यस्तै ४९.०९ प्रतिशत भने नन ग्रेडेड भएका राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्माले जानकारी दिए ।

यो नतिजा गत वर्षमा भन्दा ३ प्रतिशत विन्दुले सुधार भएको बोर्डको दाबी छ । राष्ट्रिय परीक्षा बोर्डले ३५ प्रतिशत भन्दा कम अंक ल्याउनेलाई नन ग्रेडेडमा राख्दै आएको छ । उनीहरुले माथिल्लो तह अध्ययन गर्न पाउने छैनन् र पुनः ग्रेडवृद्धिको परीक्षा दिनुपर्नेछ । २ विषयसम्म नन ग्रेडेड भएकाहरुका लागि ग्रेडवृद्धिका लागि असोज ६ र ७ गते परीक्षा तोकिएको छ । स्रोतः अनलाइनखबर ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

## प्रदेश सरकारमातहतका १३ अस्पतालमा सामान्य बेड निशूल्क



समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश सरकार मातहतका १३ वटा सरकारी अस्पतालमा भदौ १ गतेदेखि सामान्य बेडहरु निःशुल्क हुनेछ । बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयले साउन २२ गते निर्णय गरेर अस्पतालमा सामान्य बेडहरु सेवाग्राहीलाई निःशुल्क उपलब्ध गराउन परिपत्र गरेको छ । प्रदेश सरकार मातहतको हेटौँडा अस्पतालले सामान्य बेडमा भर्ना शूल्क एक सय रुपैयाँ तोकेको छ ।

सरकारी अस्पतालमा उपलब्ध रहेको बेडहरु मध्येबाट क्याबिन, एनआईसीयू र आईसीयू बाहेकका अन्य सम्पूर्ण बेड निःशुल्क रुपमा प्रदान गर्न भनिएको छ । अस्पतालहरुमा सामाजिक सेवा इकाई स्थापना गरी असहाय, अपाङ्ग वर्ग क र ख, विपन्न, बेवारिसे बिरामीहरुको उपचार व्यवस्थित गर्ने निर्णय भएको बताइएको छ । मन्त्रालयले अस्पतालहरुलाई सामाजिक सेवा इकाईबाट पुनर्वास सेवा र फिजियोथेरापी सेवा पनि निःशुल्क रुपमा बिरामीहरुलाई उपलब्ध गराउन भनेको छ ।

बागमती प्रदेश सरकार मातहतको त्रिशुली अस्पताल, भक्तपुर अस्पताल, हेटौंडा अस्पताल, रसुवा अस्पताल, जिल्ला अस्पताल रामेछाप, चौतारा अस्पताल, सिन्धुली अस्पताल, बकुलर रत्ननगर अस्पताल, टोखा अस्पताल, बज्रबाराही चापागाउँ अस्पताल, मेथिनकोटा अस्पताल र चरिकोट अस्पतालमा भदौ १ गतेदेखि यस किसिमको सेवा प्राप्त गर्न सकिनेछ । बिरामीहरुले सहज रुपमा स्वास्थ्य सेवा पाउन्, आर्थिक कारणले उपचाराट बञ्चित नहोस् भनी स्वास्थ्य मन्त्रालयले यस्तो निर्णय गरेको जनाएको छ ।

## मकवानपुरगढीमा कोदो रोप्न सुरु



*कोदो रोप्दै किसानहरु ।*


समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिकामा कोदो रोप्न सुरु गरिएको छ । मकवानपुरगढी-४ कालीखोला लगायत क्षेत्रका किसानहरुले यस बर्षको कोदो बाली रोप्न सुरु गरेका हुन् । पानी परेपछि गत साउन २८ गतेदेखि कोदो रोप्न सुरु गरिएको मकवानपुरगढी गाउँपालिकाका कृषि प्राविधिक चन्द्रकान्त चौधरीले जानकारी दिनुभयो ।

मकै भित्र्याएसँगै किसानहरुले खाली पाखो जमिनमा कोदो बाली लगाउने गर्छन् । कृषि प्राविधिक चौधरीका अनुसार कृषक कुमारी लामाले गत वर्ष १० कट्ठा जग्गामा कोदो रोप्नुभएको थियो । जसमा ६ सय केजी उत्पादन भएको मध्ये ४ सय ५० केजी भने बिक्री गरी आम्दानी लिनुभएको थियो । उहाँका अनुसार लामाले यस वर्ष पनि त्यति नै जमिनमा कोदो रोप्न सुरु गर्नुभएको छ ।

यसैगरी अर्का कृषक झिल्लीप्रसाद दुलालले पनि गत वर्ष १० कट्ठा जमिनमै कोदो रोप्नुभएको थियो । त्यसबाट ५ सय केजी उत्पादन भएकोमा ३ सय केजी गाउँमै सञ्चालित अपाङ तथा विपन्न कृषि सहकारी संस्थामा बिक्री गरी आयआर्जन गर्नुभएको थियो । उहाँले यसवर्ष पनि १० कट्ठा जग्गामा कोदो रोप्न थाल्नुभएको बताउनु भएको छ । यस्तै कृषक सुकुम बहादुर घलान पनि आफ्नो जग्गामा कोदो रोपाईं गर्न व्यस्त रहनुभएको छ । उहाँले यस बर्ष १ बिघा १० कट्ठा जग्गामा कोदो लगाउने विचार गर्नुभएकोमा करिव ८ कट्ठामा भने कोदो रोपिसक्नु भएको बताउनु भएको छ ।

कृषि प्राविधिक चौधरीले मकवानपुरगढीका अधिकांश कृषकहरुले मकैबाली पछि कोदो खेती गर्दै आइरहेको जानकारी गराउनु भयो । उहाँले कृषकहरुले उत्पादन गरेको कोदो अपाङ्ग तथा विपन्न कृषि सहकारी संस्थाले विगत ३ वर्षदेखि गाउँपालिकाले तोकेको मूल्यमा खरिद गर्दै आइरहेको जानकारी दिनुभयो । उहाँका अनुसार कृषकहरुबाट खरिद गरी संकलन, भण्डारण गरिएको कोदो मकवानपुरगढी गाउँपालिका कृषि विकास शाखाको सहयोगमा सहकारी संस्थाले कालीखोला ब्रान्डको कोदो पिठो प्याकेजिङ गरि बजारमा समेत् ल्याइसकेको छ । सहकारी संस्थामा हाल करिब ४ हजार मेट्रिक टन कोदो मौज्दात रहेको छ ।



## सम्पादकीय

# भ्रष्टाचारमा राजनीतिक संरक्षण

हरेक सरकारको नारा हुन्छ- 'भ्रष्टाचारप्रति शून्य सहनशीलता ।' वर्तमान सरकारले भ्रष्टाचारविरुद्ध आशालाग्दो केही प्रयास गरेको भए पनि सरकारको गतिविधि शंकास्पद बनिरहेको छ । सत्ता गठबन्धनमा रहेका दलहरुका प्रभावशाली नेताहरु विभिन्न प्रकारका भ्रष्टाचारमा संलग्न रहेको आशंका भइरहँदा पनि सरकारले उनीहरुलाई सोधपुछ तथा पक्राउ गर्न सकेको छैन । राजनीतिक नेतृत्वमा बढ्दो भ्रष्टाचारी छवीका कारण पनि भ्रष्टाचारले नयाँ-नयाँ रुप लिइरहेको घटनाक्रमले देखाएका छन् । भ्रष्टाचारकै कारणले नेपाल विश्व समुदायमा बदनाम भइरहेको छ । भ्रष्टाचारबाट कुनै पनि निकाय अछुतो छैन । सुशासनको पक्षमा काम गर्दै आएको अन्तर्राष्ट्रिय संस्था ट्रान्सपरेन्सी इन्टरनेशनलले पनि नेपाललाई भ्रष्टाचारव्याप्त मुलुकको श्रेणीमा राख्दै आएको छ । ट्रान्सपरेन्सीको विभिन्न प्रतिवेदनले नेपालको सार्वजनिक क्षेत्र र राजनीतिमा भ्रष्टाचार बढेको भनिरहे पनि त्यसको समूल अन्त्यका लागि सरकार प्रभावकारी बन्न सकिरहेको छैन ।

विगतमा लाउडा, धमिजा, वाइडबडीजस्ता ठूला भ्रष्टाचारका काण्डहरुमा उच्च तहका राजनीतिक नेतृत्व संलग्न भएकै कारण त्यतिकै सेलाए । कोभिड-१९ को महामारीको समयमा चर्चामा आएका विभिन्न प्रकारका भ्रष्टाचारका काण्डको पनि छानविन गरेर निष्कर्षमा पुग्ने काम भएको छैन । पछिल्लो समय तीनवटा भ्रष्टाचारका काण्डहरु बढी चर्चित बनिरहेका छन् । नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास जग्गा प्रकरण र ब्रेक-सुबाट सुन तस्करी प्रकरण अहिले चर्चामा छन् । नक्कली भुटानी शरणार्थी प्रकरणमा सरकारले ठूलो गिरोहलाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ । उक्त प्रकरणमा दुईजना पूर्वमन्त्रीसहित उच्च पदस्थ कर्मचारीसमेत थुनामा छन् । लामो समय भइसक्दा पनि उक्त प्रकरण टुंगो लागेको छैन । यस्तै, लामो समयदेखि चर्चामा रहेको ललिता निवास जग्गा प्रकरणमा पनि सरकारले विभिन्न व्यक्तिलाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ । उक्त प्रकरणमा अदालतले दुईजना पूर्वप्रधानमन्त्रीलाई बयान लिन आदेश दिएपछि यस प्रकरणमा पनि सरकारले कतिको प्रभावकारी अनुसन्धान गर्छ भन्ने चासो र चिन्ता बढेको छ । करिब एक महिना अघि एयरपोर्टको भन्सारबाट बाहिरिएलगत्तै सुनसहितको ब्रेक-सु पक्राउ परेको घटना पनि अहिले चर्चामा छ ।

राजस्व अनुसन्धान विभागले गत साउन ३ गते काठमाडौंको सिनामंगलबाट सुनसहितको १५५ किलो ब्रेक-सु बरामद गरेको थियो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयबाट पछिल्लो ३ महिनाभित्र पटक-पटक मोटरसाइकल र स्कुटरको ब्रेक-सु आयात भएको अनुसन्धानबाट देखिएपछि सुन तस्करको ठूलै गिरोह पहिचान भएको थियो । राजस्वको टोलीले तस्करका विभिन्न गोदाम तथा कारखानामा छापा मार्दा बारम्बार अन्य सामानको नाममा सुन तस्करी भएको पत्ता लाग्यो । त्यतिमात्र नभई सुन तस्करसँग सत्तारुढ माओवादीका शीर्षस्थ नेता तथा तिनका पारिवारिक सदस्यको कनेक्सन रहेको तथ्य बाहिर आएको छ । वर्तमान सरकारका प्रधानमन्त्री तथा गृहमन्त्री माओवादीकै रहेका कारण सुन तस्करसँग सम्बन्ध रहेको भनिएका नेता तथा परिवारका सदस्यमाथि छानविन नभएकाले यो प्रकरण पनि त्यतिकै सेलाउने आशंका बढेको छ ।

सुन तस्कर प्रकरणको छानविनका लागि उच्चस्तरीय छानविन समिति बनाउनुपर्ने भन्दै विपक्षी एमालेले हप्तौंदेखि प्रतिनिधिसभा बैठक अवरुद्ध गरिरहेको छ । तर, सत्तारुढ गठबन्धनका शीर्ष नेताहरुको बैठकले सोमबार मात्रै सुन प्रकरणको विषयमा उच्चस्तरीय छानविन समिति बनाउन आवश्यक नहुने निष्कर्ष निकालेका छन् । राजश्वले अहिले सुन तस्करीको अनुसन्धानको जिम्मा सीआइबीलाई दिएको छ । उच्चस्तरीय छानविन समिति बनाउँदा सीआइबीले गरिरहेको अनुसन्धानलाई नै अवरोध हुने भन्दै गठबन्धन पछि हट्दा सरकारले यसको अनुसन्धानलाई कमजोर बनाउन खोजेको विपक्षीको आरोपलाई थप बल पुगेको छ । संगठित अपराध, आपराधिक गतिविधिका जालसाँझी र भ्रष्टाचारमा रहेका संगठित गिरोहले पाइरहेको राजनीतिक संरक्षणको अन्त्य नहुँदासम्म मुलुकबाट भ्रष्टाचार अन्त्य हुन सक्दैन । यसका लागि सरकारले दृढताका साथ कदम चाल्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : अवसरबाट लाभ प्राप्त हुने समय छ ।
**वृष** : सरकारी र राज्य पक्षबाट लाभ प्राप्त होला ।
**मिथुन** : कर्मसिद्धि र प्रयासले कामहरु सार्थक होलान् ।
**कर्कट** : वित्तीय क्षेत्र र पद, प्रतिष्ठामा वृद्धि हुनेछ ।
**सिंह** : जोखिम र संकटको समय योग देखिन्छ ।
**कन्या** : पेसा र व्यवसायमा असजिलो बन्ने समय छ ।
**तुला** : कीर्ति र प्रतिष्ठामा बढावा हुने समय योग छ ।
**वृश्चिक** : शिक्षा क्षेत्रबाट लाभ प्राप्त हुने समय योग छ ।
**धनु** : निर्णयात्मक क्रममा ध्यान नजाने योग छ ।
**मकर** : सामाजिक काममा सरिक भइने समय योग छ ।
**कुम्भ** : रोकिएका कामहरु प्रयासले सम्पन्न होलान् ।
**मीन** : थोरै प्रयासले रोकिएका कामहरु बन्ने योग छ ।

# 'गर्भपात' हुँदा प्रसूति बिदा पाउने कि नपाउने ?



यमुना अर्याल (काफ्ले)

सुत्केरीको भन्दा बढी गलेको छ शरीर, तर त्यस अनुसारको न खाने खुराक छ न स्याहारसुसार नै । छेउमा बच्चा भएको भए पो त्यसका कारण स्याहार हुने रहेछ, यस्तो पीडा कसैलाई नहोस् !

रमिता गौतम (नाम परिवर्तन) एक सरकारी कर्मचारी हुन् । एक वर्षअघि रमिता गर्भवती थिइन् । अफसोस पाँच महिनाको गर्भावस्थामा रमिता कार्यालयमै बेहोश भइन् । उनलाई अस्पतालमा भर्ना गर्नुपर्ने अवस्था आयो । डाक्टरले सुनाएका कुरा, भिडियोमा देखाएका प्रमाणका कारण उनको बच्चाको स्वास्थ्य निकै जटिल देखियो ।

हरप्रयास गर्दा पनि बच्चा बच्न सकेन, बच्चाका कारण आमाको ज्यान नै खतरामा छ भन्ने सुनेपछि बाध्य भएर र मिताले क्युरेट गर्नुपर्‍यो । पहिलोचोटि आमा बन्न लागेकी रमिताको खुसी पाँच महिना पनि टिक्न सकेन ।

तीन दिनको अस्पताल बसाइपछि रमिता घर फर्किइन् । उनले कार्यालयमा एक हप्ताको बिदा स्वीकृत गराएकी थिइन् । बिदा सकिन लाग्यो तर रमिता अफिस जाने हालतमा थिइनन् । उनले मौखिक रूपमै पुनः बिदा माग गरिन् ।

अफिसको प्रशासनबाट कारण सोधिन्थ्यो, 'किन रमिताजी ? के भयो र ? किन बिदा थप गर्नुभएको ?' नराम्रो सोचेर होइन, एउटा मानवीय नाताले पनि आफ्ना कर्मचारीको बारेमा यत्तिको चासो राख्नु अन्यथा होइन, रमिताको स्वीकारोक्ति हो यो ।

'सुनाऊँ कसलाई के भनेर सुनाऊँ ? नसुनाऊँ स्वास्थ्य निकै बोझिलो बन्दै गएको छ । घरबाट फोन आउँछ, माइतीबाट फोन आउँछ, कसलाई के भन्ने ? श्रीमान् र मलाई थाहा थियो अरू कसैलाई पनि सुनाएका थिएनौं । घर, माइती सबैतिर नयाँ सन्तानको व्यग्र प्रतीक्षा थियो तर दैवले हाम्रो खुसी देख्न सकेन', भेटमा रमिताले गहभरी आँशु पार्दै पीडा सुनाएकी थिइन् ।

'सुत्केरीको भन्दा बढी गलेको छ शरीर, तर त्यस अनुसारको न खाने खुराक छ न स्याहारसुसार नै । छेउमा बच्चा भएको भए पो त्यसका कारण स्याहार हुने रहेछ, यस्तो पीडा कसैलाई नहोस् भगवान', रमिता घरी-घरी भगवान पुकारा गर्थिन् ।

दुई सातापछि अफिस जान खोजिन् । अहँ शरीरले साथ दिएन । भाउन्न हुन्छ, खुट्टा पटक्कै टेकिंदैन, उभिन सकिंदैन । जीउ पूरै गलेको छ, अफिसमा कति दिन बिरामी छु भनेर सुनाउनु ? डाक्टरले यसो भन्यो, उसो भन्यो भन्दै २० दिन जेनतेन बिदा बसें, त्यसपछि अफिस जान थालें, रमिताले सुनाएकी थिइन् ।

'एक दुई जना मिल्ने साथीलाई सबै कुरा सुनाएकी थिएँ तर हाकिमलाई भन्ने कुरा पनि भएन, सबै स्टाफलाई मेरो यस्तो भयो भन्ने कुरा भएन, कसैलाई केही भनिनँ' उनको सामान्य सुनिने तर गहन कष्ट थियो ।

निजामती सेवा ऐन, २०४९ र विनियमावली २०५० मा महिला कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ९८ दिन प्रसूति बिदा लिन पाउने व्यवस्था छ । प्रसूति बिदा लिएका महिला कर्मचारीले चाहेमा कुनै पनि बिदाबाट कट्टा नहुने गरी थप ६ महिनासम्म वेतलबी प्रसूति बिदा लिन सक्नेछन् भनिएको छ ।

तर यस्तो बिदा प्रसूति बिदासँग लगातार रूपमा लिनुपर्ने व्यवस्था छ । वेतलबी बिदामा बसेको अवधि नोकरी अवधिमा जोडिनुका साथै प्रसूति बिदामा बस्दा महिला निजामती कर्मचारीले पूरा तलब पाउने व्यवस्था छ ।

प्रसूति बिदा पाएका निजामती कर्मचारीलाई बच्चाको स्याहारको निमित्त ऐनको दफा ३२ को उपदफा (३) बमोजिम बढीमा दुई वटा बच्चाको लागि जनही एकमुष्ट ५ हजार शिशु स्याहार भत्ता दिइने र प्रसूति बिदा लिएको अभिलेख सम्बन्धित कार्यालयले अद्यावधिक बनाई राख्नुपर्नेछ भनिएको छ ।

निजामती सेवा नियमावली २०५० को नियम ५९ (क) मा प्रसूति स्याहार बिदाको व्यवस्था गरिएको छ । जसमा कुनै पुरुष निजामती कर्मचारीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरीको अघि वा पछि गरी १५ दिन प्रसूति स्याहार बिदा लिन पाउने, प्रसूति स्याहार बिदामा बस्ने निजामती कर्मचारीले पूरा तलब पाउने, प्रसूति स्याहार बिदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ भनिएको छ ।

प्रसूति स्याहार बिदा लिएको निजामती कर्मचारीले बिदा लिएको मितिले ३ महिनाभित्रमा बच्चाको जन्मदर्ता प्रमाणपत्र कार्यरत कार्यालयमा पेश गर्नुपर्नेछ, उपनियम (४) बमोजिमको अवधिभित्र त्यस्तो प्रमाणपत्र पेश नगर्ने निजामती कर्मचारीको त्यस्तो बिदाको अवधि निजले पाउने अन्य बिदाबाट कट्टा गरिनेछ र प्रसूति स्याहार बिदाको अभिलेख सम्बन्धित कार्यालयले अद्यावधिक गरी राख्नुपर्नेछ भनिएको छ ।

यही निजामती सेवा ऐन र नियमावलीको आधारलाई टेकेर अन्य सरकारी ढुकुटीबाट तलब खाने कर्मचारीहरुका सम्बन्धित कार्यालयहरूले आ-आफ्ना नियम, विनियमहरू बनाएका हुन्छन् ।

निजामती सेवा ऐन र नियमावलीको व्यवस्था अनि रमिताले भोगेको व्यथा कहाँनेर मेल खान्छ ? निजामती सेवा ऐन, नियम बनाउनेहरूले तीन महिनाभित्र बच्चाको जन्मदर्ता पेश गर्नुपर्ने व्यवस्था गरेका छन् । गर्भवतीको अघि र पछि गरेर ९८ दिन प्रसूति बिदा पाउने भनिएको छ, रमिताले प्रसूति बिदा पाउने कि नपाउने ? रमिताका श्रीमान् पनि सरकारी कर्मचारी हुन्, उनले प्रसूति स्याहार बिदा पाउने कि नपाउने ?

रमिताको काखमा बच्चा छैन, तर उनले भोगेको पीडा महिलाको नजरबाट हेर्दा कत्तिको दर्दनाक होला ? सुत्केरी आमाले भोग्ने भन्दा बढी व्यथा रमिताले भोगेकी छन् तर उनलाई काखमा बच्चा नभएको कारण अफिसमा समेत अनेक बहाना बनाएर आफ्नो बाध्यता टार्नु परिरहेको छ ।

व्यथा त रमिताले भोगेकी छिन् तर बाध्यकारी ऐन नियमले उनलाई न प्रसूति बिदा दिन मान्छ न उनका श्रीमान्लाई प्रसूति स्याहार बिदा नै । श्रीमान्ले अफिस बिदा लिएर श्रीमती स्याहारे । ऐन बनाउनेहरूले सबै निजामती कर्मचारीले जीवित बच्चा नै जन्माउँछन्, कसैका बच्चा बीचमा खेर जान्छन् भन्ने हेक्का राखेनन् कि यो चेत कसैलाई भएन ?

मैले रमिता जस्ता धेरै साथी देखे-भेटेकी छु, जो विभिन्न कारणले अकालमा बच्चा नजन्मँदै गुमाउन पुगेका छन् । उनीहरूको हकमा एकाध बाहेक न घर परिवार सहज बन्न सक्यो न सरकारी कार्यालय नै । प्राइभेट अफिसहरूको त कुरै छाडौं, सरकारी कार्यालयमा समेत यसखाले ऐन बनाइनुलाई कत्तिको महिलामैत्री मान्न सकिन्छ ?

धेरै महिला माननीय संसदमा हुनुहुन्छ, कम्तीमा उहाँहरू यसबारेमा बोल्नुहोस् भन्ने मनसाय हो । बच्चा खेर गयो, शरीर गलेको छ, कार्यालयमा गएर काम गर्न सक्ने अवस्था छैन ।

प्रसूति बिदा बसौं, तीन महिनाभित्र बच्चाको जन्मदर्ताको प्रमाणपत्र पेश गर्न भनिन्छ, बच्चा गुमाएको पीडा भन्दा पनि ऐन नियमले रिंगाएको दर्दनाक पीडा महिला कर्मचारीमा बढी देखिन्छ । दुई वटा बच्चाको लागि मात्रै प्रसूति बिदाको व्यवस्था छ । अन्य सेवा-सुविधा पनि दुई वटा बच्चाको हकमा मात्रै हो ।

एक जना पुरुष स्टाफ उपत्यका बाहिरबाट सरुवा भएर आएका थिए । नियम अनुसार पारिवारिक भ्रमण भत्ताको फारम भरे । उनले दुई छोरी र एकछोरा भएको विवरण फारममा उल्लेख गरेका थिए । भुक्तानी शाखाबाट एक जना बच्चाको सुविधा कटौती गरियो । लेखा प्रमुखको पनि आफ्नै बाध्यता थियो ।

'दाइ तपाईंका तीन जना बच्चा रहेछन् । हाम्रो ऐनमा दुइटा बच्चाको लागि मात्रै टीएडीए दिने व्यवस्था छ, एक जनाको पाइँदैन है' !' यो संवादको साक्षी बस्नुपर्दाको पीडा पाँच-सात वर्ष अघिदेखि अहिलेसम्म पनि चिथोर्छ ।

'मेरा भएकै तीन सन्तान हुन्, अब कुन सन्तानलाई मेरो होइन भनौं त सर ? मिल्छ भने दिनुस्, मिल्दैन भने नदिनुस्, आफ्ना भएका सन्तान घटाएर कसरी फार म भरौं ?' ती कर्मचारी दाइको कुरा निकै दिनसम्म दिमागमा घुमिरहेको थियो ।

आजसम्मको सबैभन्दा लोकतान्त्रिक मानिएको नेपालको संविधान २०७२ को धारा ३८ मा नजर घुम्यो । त्यहाँ ठूलो अक्षरमा महिलाको हकको कुरा लेखिएको छ- प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ, महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन ।

त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने कुरा पटक-पटक पढें । दुई सन्तान भनेर कर्मचारीलाई राज्यले तोकिदिनुपर्ने हो कि बा-आमा स्वयंले निर्क्योल गर्ने कुरा हो ? यसमा बहस कहिले होला ?

यही कुरा एक जना निजामती सेवाका माथिल्लै तहका विद्वान्लाई सोधें । 'नीति-नियम बनाउनेहरूले महिलाको संवेदना किन बुझ्न नसकेका हुन् ? बच्चा खेर गयो भने त्यस्ता कर्मचारीले सुत्केरी बिदा पाउने कि नपाउने ?

कति सन्तान जन्माउने भन्ने कुरा व्यक्तिको अधिकारको कुरा हो कि राज्यले तोक्नुपर्ने हो ? सबै महिला कर्मचारीहरूले सद्दे बच्चा जन्माउँछन् भन्ने ग्यारेन्टी कसरी हुन्छ ? महिला कर्मचारीको यस्तो संवेदनाको विषयलाई किन महत्व दिइएन ?' मेरो सवालमा ती महोदय अवाक् बने ।

'खोइ, आजसम्म यो विषयमा कसैले मुद्दा हालेको छैन' भनेर पन्छिन खोजे । नीति-नियम बनाउनेहरू कम्तीमा महिलाका नदेखिएका संवेदनाहरूलाई पनि सम्बोधन गर्ने कोसिस गर्नुस् ।

कतिपय महिला कर्मचारीहरू जागिर जोगाउनकै लागि ज्यानको परवाह नगरी खटिंदा थप संक्रमणको त्रास हुने गरेको पनि देखिएको छ । कुन-कुन अवस्थामा महिलालाई सहुलियत दिन सकिन्छ ? सरोकारवाला निकायहरूबाट सकारात्मक पहल होस् ! स्रोतः अनलाईनखबर)

# भाग्यमानी श्रीमान !



शलुजा बस्नेत

एकछिन, एकछिन श्रीमान ज्युहरु माथिको टाइटल हेरेर आफ्नो जन्म कुण्डली, राशिफलका बारेमा होला, भन्नेतिर नलागौं है । मैले यहाँ कुनै ज्योतिषी शास्त्रसँग सम्बन्धित कुरा गर्न लागेकी हैन । रंगी विरंगी मुगा, पञ्चधातुका लाखौं पर्ने औंठी र जन्तर लगा अनि आफ्नी श्रीमतीलाई आफ्नो इसारामा नचा भन्न खोजेकी पनि पटक्कै हैन । यसको लागि त अलिकति आफैंबाट कसरत गर्नुपर्छ। फेरि त्यो फलाम उचालेर जिम खानामा गर्ने कठिन किसिमका कसरत पनि पक्कै हैन ।

पिर नगर्नुस्, मेरा कसरत र उपाय गर्नलाई एकदम सरल छन् जसलाई आत्मसाथ मात्र गर्ने हो भने हजुरहरुको घर मन्दिर बन्नेछ । मेरा यी टिप्सहरु कुनै नाम कहलिएका किताबबाट लिइएका हैनन् न त कतै सुनेकै भरमा यसै लेखिएका हुन् । कुनै कुनै आफ्नै पनि र अधिकांश आफ्ना इष्ट मित्रहरूका अनुभवबाट लिइएको हो जुन एकदम व्यवहारिक छ ।

विवाह एक संयोग हो चाहे मागी होस् या भागी । विगत सबैको हुन्छ त्यसैले तपाईंले कस्तोसँग विवाह गर्नु भयो त्यो कुराले फरक पर्दैन तर विवाहपछि फरक चाहिँ तपाईंले गर्ने व्यवहारले पार्छ । एक अर्काबाट सही व्यवहार मात्र पाएमा अपवादबाहेक सबैमा सकारात्मक परिवर्तन आउँछ जहाँ दुईमत नै छैन । हाम्रो व्यवहार एउटा यस्तो अस्त्र हो जसको प्रहारले जस्तोसुकै राम्रा मानिसलाई नराम्रो र नराम्रो मानिसलाई राम्रो क्षणभरमै परिवर्तन गर्न सक्छ । श्रीमती विवाह गरेर भित्रिँदा एउटा विद्यालयबाट विश्व विद्यालयमा भर्ना भए जस्तो हो जहाँ पाइलापिच्छे नयाँ नियम कानुन हुन्छन् । समय लाग्छ उसलाई त्यहाँको तौरतरिका बुझ्न अनि सिक्न । नयाँ घरको तौरतरिका, चालचलन सबै पहिला नै बुझाइदिने हो भने श्रीमतीलाई नयाँ घरमा भिज्न एकदम सजिलो हुन्छ र घरमा पक्कै पनि द्वेषले ठाउँ पाउने छैन ।

श्रीमती भनेको आफ्नो जीवनभरिको साथी हो । उसको पनि एकबारको जुनी हो । उसलाई पनि आफ्नो योग्यता अनुसार आर्थिक रुपमा सबल हुन मन हुन्छ अनि त्यो कुरा बुझिदिनुपर्यो । यो एकदम महत्वपूर्ण अनि गम्भीर कुरा हो किनकि अधिकांश काम गर्ने श्रीमतीका आधाउधि तनाव घर बाहिर निस्किँदा मात्र पनि कम भइसकेका हुन्छन् । हाम्रो समाजमा बच्चा भएपछि अधिकांश महिलाहरुले काम छाड्ने गरेको पाइन्छ तर आमा भइसकेपछि त झन् उसको तनावलाई कम गर्न एकछिन भए पनि घर बाहिर निस्किनै पर्ने हुन्छ । के कसरी मिलाइने हो राम्ररी सोचिनु पर्यो ।

हुन त श्रीमान-श्रीमती एउटै रथका

# खाद्य अधिकार जिल्ला सञ्जालको बैठक

समाज संवाददाता

हेटौंडाः खाद्य अधिकार जिल्ला सञ्जाल मकवानपुरको नियमित बैठक मंगलबार बसेको छ। गैरसरकारी संस्था महासंघको सभाहलमा नियमित बैठक बसेको हो।

बैठकमा सञ्जालद्वारा हालसम्म सम्पन्न क्रियाकलापबारे समीक्षा भएको छ। पुनर्ताजगी कार्यक्रम, प्रदेशस्तरीय नीतिगत सम्वाद, राष्ट्रिय निकुञ्ज प्रभावित समुदायको खाद्य अधिकार सुनिश्चित गर्न सम्बन्धित सरोकारवालाहरूलाई दवाव दिने उद्देश्यका साथ सार्वजनिक सुनुवाई कार्यक्रमबारे समीक्षा भएको हो।

मानव अधिकार आयोग बागमतीका प्रतिनिधिहरुद्वारा भूमिहीन चेपाङ समुदाय र मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने समुदायको बस्तीमा स्थलगत अध्ययन गरिएको र भूमिहीन चेपाङ र निकुञ्ज प्रभावित समुदायका प्रतिनिधिले मानव अधिकार आयोगमा उजुरी दर्तासमेत गरिएको बताइएको छ। बैठकमा आगामी कार्ययोजनाबारे पनि छलफल भएको छ।

खाद्य अधिकार ऐन कार्यान्वयन र स्थानीयकरण गर्न सम्बन्धित सरकारलाई दवाब सिर्जना गर्ने बैठकले निर्णय गरेको छ। छलफल, भेटघाट, डेलिगेसन, फलोअप, भूमिहीन चेपाङ समुदायमा सार्वजनिक सुनुवाई, कृषकहरुको सवाल सुनुवाईका लागि कार्यक्रम गरिने बताइएको छ।

# भीरबाट लडेर मृत्यु

समाज संवाददाता

हेटौँडाः ईन्द्रसरोवर गाउँपालिका-३, चित्रघारीका ५३ वर्षीय विनोद कुमार बम्जनको भीरबाट लडेर मृत्यु भएको छ।

सोमबार बिहान साढे ७ बजेको समयमा घर नजिकैको जंगलमा घाँस काट्न गएका बम्जन भीरबाट लडेर घाइते भएका थिए। बम्जनको उपचारका लागि फर्पिडस्थित मनमोहन हस्पिटल लैजाँदै गर्दा बाटोमै मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ।

# २४ घण्टामा १६ जनालाई डेंगु

समाज संवाददाता

हेटौंडाः मकवानपुरमा २४ घण्टामा १६ जनामा डेंगु पुष्टि भएको छ। डेंगु हुने १५ जना हेटौंडा उपमहानगरपालिकाभित्रका छन् भने अन्य जिल्लाबाट एकजना रहेका छन्।

मकवानपुरमा साउन महिनादेखि मंगलबारसम्म १ सय १४ जना र हेटौंडा उपमहानगरपालिकाभित्र ९८ जनामा डेंगु संक्रमण पुष्टि भएको छ। हेटौंडा उपमहानगरपालिकाभित्र साउन महिनामा ४९ जना पुरुष र ४९ जना महिलामा डेंगु देखिएको जनस्वास्थ्य निर्देशनालयका सार्वजनिक स्वास्थ्य अधिकारी नवदीप सिलवालले जानकारी दिनुभयो। यस्तै, हेटौंडा अस्पतालमा मंगलबार ३६ जनाले डेंगु जाँच गराएका थिए। जाँच गराएका ३६ जनामध्ये ५ जनामा डेंगु देखिएको छ। ३ महिला र २ पुरुषमा डेंगु देखिएको हेटौंडा अस्पतालका प्रयोगशाला प्राविधिक राजकुमार शर्माले जानकारी दिनुभयो।

# *भाग्यमानी...*

दुई पांग्रा हुन् तर ती पांग्रालाई दुई अलग अलग मानिसहरूले चलाइरहेका हुन्छन्। दुवैका आनीबानी, स्वभाव, सोचाइ, बुझाइ आदि फरक फरक हुन्छन् र त्यो कुरालाई बेलैमा बुझी एक अर्काको भिन्नतालाई स्वीकार्न सक्नुपर्छ।

हाम्रो समाजमा श्रीमानलाई इज्जत दिने काम चाहिँ श्रीमती कै मात्र हो भन्ने मानसिकता छ जुन एकदम गलत छ। धेरै ठाउँमा श्रीमतीहरु आफ्नै श्रीमानका यस्ता व्यवहार र रुखो बोलीबाट जमातमा लज्जित हुनु परेको देखिन्छ। घर परिवार, इष्टमित्रका अगाडि त श्रीमतीका गलत कुरालाई पनि नजरअन्दाज गर्न सक्नुपर्छ। बरु एक्लै भएको बेला एक अर्काका गल्तीलाई स्वच्छ वार्तालाप गरेर सुल्झाउन सक्नुपर्छ। श्रीमतीलाई तपाईंले जस्तो व्यवहार गर्नुहुन्छ त्यस्तै व्यवहार परिवारका अरु सदस्यले पनि गर्छन्। त्यो तपाईंको हातमा हुन्छ कि तपाईंले आफ्नी श्रीमतीको स्थान कस्तो तय गर्ने। तपाईं आफ्नो घरकी छोरी, बहिनीका लागि पक्कै पनि असल ज्वाइँ नै चाहनुहुन्छ। अनि फेरि तपाईंकै व्यवहारपछि तपाईंको छोरोले पनि सिक्ने हो नि। हाम्रा छोराछोरीहरुले हामीले गरेका कुरा सिक्ने हुन् हामीले भनेका होइनन्, याद राख्नुस्।

तपाईं जुन पेसामा संलग्न हुनुहुन्छ, त्यो पेसागत ठाटबाठ, पेसागत तहका पगडी र पेसागत तनाव आफ्नो कार्यालयसम्म मात्र सीमित राख्नुस्। घरको गेट पस्नुअघि नै पगडी खोलिनु पर्यो। घरमा तपाईं केवल आफ्नी श्रीमतीको साधारण लोग्ने हो, जहाँ पेसागत मतभेद र घमण्ड दुवै हुनु भएन। श्रीमान र श्रीमतीबीच औपचारिकता पनि हुनु भएन र सँगै हुँदा माहोल यस्तो हुनुपर्यो कि त्यहाँ जे गर्न पनि दुबैलाई छुट होस् र सहज पनि। कुनै डर अनि अप्ठ्यारो नहोस्।

तपाईंले आफ्नी श्रीमतीलाई प्रशंसा वा तारिफ गर्न कुनै हालतमा पनि चुक्नु भएन। उसले गरेका राम्रा कामहरुलाई सबैका अगाडि भन्न सक्नुपर्यो यदि तपाईं आफ्नी श्रीमतीबाट भविष्यमा त्यसता अझ धेरै राम्रा काम पाउने चाहना राख्नहुन्छ भने। प्रशंसा नै एउटा यस्तो इन्धन हो जसले मानिसलाई अझ राम्रो गर्न उत्प्रेरित गर्छ। बुढा र बुढीबीच पवित्र माया मात्र छ भने पनि श्रीमतीले झुपडीलाई स्वर्ग बनाई दिन्छे। श्रीमानका लागि श्रीमतीको माया यति आघात हुन्छ कि तपाईं कल्पना नै नगर्नुस्। उसको एकबारको श्रीमान जस्तोसुकै नालायक, जडिया, बेरोजगार, कुरुप, रोगी होस्, ऊ कसैको नराम्रा कुरा सुन्न सक्दिनँ। बरु आफ्नो श्रीमानलाई एउटा नौलो दुनियाँमा लगेर लुकाउँछे अनि स्याहार सुसार गर्छे, सपार्छे तर आफ्नो श्रीमानको आत्मसम्मानमा सानो आँच पनि आउन दिन्न।

भुलेर पनि बाहिरी प्रेमका चक्करमा नफस्नुस्। यसले हाम्रो सम्बन्ध मात्र हैन कि हाम्रो अस्तित्व र चरित्रलाई नै खरानी बनाइदिन्छ। नहुने नाजायज सम्बन्धमा आफ्नो प्रयास किन खर्चिने ! बरु आफ्नी श्रीमतीलाई यति खुसी दिने प्रयास गर्नुस् कि उसको अनुहारमा चमक ल्याउन कुनै लाली पाउडरको आवश्यकता नै नपरोस्। भानिन्छ नि श्रीमतीको हाँसोको लम्बाइ हेरेरै उनीहरुको खुसीको आंकलन लगाउन सकिन्छ रे। अर्को एकदम महत्वपूर्ण कुरा हो झुट। जुन कुनै हालतमा पनि आफ्नी श्रीमतीसँग बोलिनु भएन। एक अर्काबीच कुनै कुरा पनि लुक्नुभएन। कुनै कुरा भन्दा नराम्रो हुन्छ त्यो थाहा नै भए पनि भन्ने गर्नुस् बरु एकछिन सम्झाउन तनाव होला तर भविष्यमा त्यो बोलिएका एउटा झुटले सयौं झुट निम्त्याउन सक्छ त्यो बारेमा सोच्नुहोस् झुट भनेको तपाईंको अविश्वास हो जुन भएमा कहाँ सम्बन्ध अगाडि बढ्न सक्छ र ! श्रीमतीका अगाडि आफू यति सरल र सही बन्नुस् कि श्रीमतीले पनि केही कुरा तपाईंसँग लुकाउनु नपरोस्।

माथि उल्लेख गरिएका सबै कसरत गर्ने श्रीमानलाई इष्ट मित्र आफन्तहरुले 'जोइटिंग्रे' पक्कै भन्लान् तर तपाईं लागि पर्नुस् किनकि पछि तिनैले तपाईंलाई भाग्यमानी भन्ने छन् है। आफ्नो व्यक्तिगत जीवनमा खुसी अनि सुखी हुने लक्ष्य हरेकको हुन्छ त्यसैले हेर्नुस् कागहरु कराउँदै गर्छन् तर तपाईं आफ्नो कसरत इमान्दारी साथ गर्नुस् र आफू अनि आफ्नो परिवारलाई सुखी राख्नुस्। माया दिनुस्, माया पाउनुस्, सम्मान दिनुस्, सम्मान पाउनुस्। ताली दुबै हातबाट बज्छ र जति बल तपाईंले बजाउन लगाउनु हुन्छ त्यही अनुसार आवाज निस्कन्छ पनि। घर स्वर्ग बनोस् भन्ने चाहना सबको हुन्छ र त्यो सम्भव पनि छ बस अलि अलि कसरत गर्नुपर्छ। (स्रोतः सेतोपाटी)

स्वादिष्ट नेवारी खाजा




होटल बासुकला (फास्टफुड) मा

स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं।

नेवारी खाजा सेट, मःम, चाउमिन, बारा, योमरी लगायत

सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं।

०५७-५२६०१३

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं।

## मानवसेवा आश्रम

## मानवता प्रवर्धन महाअभियान

दरभाउ पत्र नम्बर : MSA/SQ/01/2080-81

## शिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मितिः २०८०/०४/३१ गते*

चालु आ.व. २०८०/८१ को लागि लागु हुनेगरी यस मानवसेवा मुख्य कार्यालय हेटौंडामा आवश्यक पर्ने निम्न उल्लेखित सामग्रीको आपुर्तिको लागि इच्छुक तथा नेपाल सरकारबाट इजाजत प्राप्त रजिस्टर्ड कम्पनि/फर्म/व्यवसायी वा आपूर्तिकर्ताहरुले निम्न सर्तहरुको अधीनमा रही सिलबन्दी दरभाउ पत्र पेस गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

आवश्यक सामग्रीः

| क्र.सं. | सामग्री | परिमाण | स्पेसिफिकेसन |
|---|---|---|---|
| १. | All-in-one Video Management Server | (VMS) 1 Set | 4U front panel HDD slots design, support up to 24 HDDs<br>·Support centralized storage, decoding, forwarding and management of IP cameras, stream servers, NVRs and decoders, up to 2000 channels<br>·Support 2 HDMI & 1VGA output interfaces and 18 1080P decoding<br>·Linux OS embedded operating system<br>·Support web management UI<br>·Video input bandwidth 512M, output bandwidth 400M; Video recording channel 256/ forwarding channel 200 (Disable face recognition)<br>·Support local video storage<br>·Support NTP function<br>·Support RAID 0/1/5/6/10/50/60<br>·Able to operate the configuration and monitor the status of disk and RAID group by adopting visible management UI<br>·Able to conduct human, vehicle, attendance, device and access control<br>·Able to conduct face search |
| २. | 27U Networking Rack | 1 Pc | Surface finish: degreasing, pickling, phosphoric, powder coating. The thickness of powder coating is 80μm-100μm.* Curved perforated front door and double-section rear door enable equipment protection, reliable operation with ventilation rate above 80%., * Double-section side panels, each panel can be easily assembled separately., * Top and bottom wiring channel can be closed and adjustable., * Backside with a pair of vertical cable management., * Mounting rail with U mark., * With earthling kits., * Advanced lock., * Optional plinth to meet under-base wiring, ventilation and rat-proof., * Adjustable feet and heavy duty castors are available at the same time, static loading: 1600KG., * Full range of optional accessories. |
| ३. | L3 Managed Switch | 1 Pc | 24*Gigabit SFP Slots, 8*Gigabit RJ45 Ports(Combo), 4*10G SFP+ Slots, 1* Console port, 1*USB port, Bandwidth 128Gbps, Packet forwarding rate 95.23Mbps, · Supports static and dynamic routers, VLAN, MAC address, ACL, and QoS, · Support spanning tree protocol, Link Aggregation, Multicast,Storm Suppression, IPV6, · Supports ERPS ring network protocol, ring network redundancy, network self-healing ?12ms, · Support VLAN/IP/MAC/PORT binding, IP source/ARP/DoS defend, 802.1X certificate,<br>· 6KV Surge protection, 8KV ESD, Suitable for -10~50? wide temperature environment<br>· Support multiple network management modes, such as Web NMS, CLI, and SNMP, · Able to connect with customers and third-party management platforms to manage devices and services |
| ४. | HDD 8 TB 24/7 | 1 Pc | Speed: 72000 rpm, Cache:256MB, Interface: SATA 6Gb/s, Reliability: 24/7 Operation, Workload:550 TB/Year, Load/Unload: 6000000 Times/Design for CCTV Purpose |
| ५. | CAT6 Cable | 1 Drum | Pure Copper Cat6 Cable, 305MTR/ |
| ६. | 2 MP with Audio Star-light Camera | 45 Pcs | Up to 1920/1080@30fps; S+265/H.265/H.264, Smart IR, IR Range: 45 Meter; Operating Conditions -35°~65°, 0~95% RH; 2.8mm lens, Built-in Mic, POE, IP67; Smart Codec/Image/Alarm; |
| ७. | 4 MP with Audio Star-light Camera | 9 Pcs | Up to 2560/1440@15fps, S+265/H.265/H.264,<br>Smart IR, IR Range: 50m, Operating Conditions -35°~65°, 0~95% RH, 2.8mm lens, Built-in Mic, POE, IP67, Smart Codec/Image/Alarm |
| ८. | 4 MP with Audio Full Color Day and Night | 8 Pcs | Full Metal Housing, ·Up to 2560x1440@25fps, S+265/ H.265/ H.264, ·4 Warm lights, 20~30m, ·Support tripwire and perimeter, Built-in Mic, SD Card Slot, Reset Button, ·Operating Conditions -40.C~60.C, 0~95% RH, ·POE, IP67 |
| ९. | 2 MP PTZ Camera, 25X | 2 Pcs | ·Up to 1920X1080@30fps, ·Optical zoom: 25x, digital zoom 16x, ·Smart IR, IR Range: 150m, ·S+265/ H.265/H.264/M-JPEG, ·Intelligent monitoring, ·Support Human/Vehicle Classification, ·Plugin Free, ·IP66 |
| १०. | 19 Port POE Switch | 4 Pcs | .19 Port POE Switch( 16 port 100Mbit PoE Ports,2 Gigabit Uplink Port,1 Port Gigabit SFP Port, oPoE Port: 16 10/100Mbps RJ45 port, Max 15.4W, ? PoE data & power transmission distance: 100meters (100Mbps), 250meters (10Mbps), oUplink Port:2 Gigabit Ethernet port, Transmission up to 100m, 1 Gigabit Fiber Ports, Data transmission: depends on the optical module, oPOE standard: IEEE802.3af, oPOE type: 1/2+ 3/6-, oPower adaptor: 52V 2.9A 150W |
| ११. | 10 Port POE Switch | 2 Pcs | 8 port PoE 100Mbit, oPoE Port: 8 10/100Mbps RJ45 port, Max 15.4W, oPoE data & power transmission distance: 100meters (100Mbps), 250meters (10Mbps), Uplink Port: 2 100Mbps RJ45, Transmission Distance: 100m, oPOE standard: IEEE802.3af oPOE type: 1/2+ 3/6- oPower adaptor: 52V 1.7A 90W |
| १२. | 6 Port POE Switch | 1 Pc | 4 port PoE 100Mbit, oPoE Port: 4 10/100Mbps RJ45 port, Max 15.4W, oPoE data & power transmission distance: 100meters (100Mbps), 250meters (10Mbps), oUplink Port: 2 100Mbps RJ45, Transmission Distance: 100m, oPOE standard: IEEE802.3 af, oPOE type: 1/2+ 3/6- oPower adaptor: 52V 1A 50W |
| १३. | Hard Disk Drive | 1 Pc | 6 TB HDD, 4 TB HDD, 2 TB HDD, WD Pure Surveillance Hard-Drive (Made For CCTV) - Rates shall be quoted for all three types of HDD. |
| १४. | Network Rack | 4 Pcs | 4U Rack Voltaic, Manage for all switch and cable, Inside PDU System |
| १५. | Network Rack | 2 Pcs | 2U Rack Voltaic, Manage for all switch and cable, Without PDU System |
| १६. | CCTV JUNCTION BOX | 62 Pcs | VERY HIGH-QUALITY CCTV JUNCTION BOX<br>EASILY FIT WITH ANY DOME AND BULLET |
| १७. | Optical Fiber cable | 500 Mtr. | Patch cord, Tiffin box, SFP, Approx |

कृपया पुरा सूचना, तथा दरखास्त फारमको लागि हाम्रो आश्रमको आधिकारिक वेबसाइट msa.org.np मा गएर इच्छुक आपुर्तिकर्ताले आवेदन दिनुहुन अनुरोध छ।

सम्पर्क नम्बर : ९८५५०७६०२४, ९८५५०७६०१०

# कार्यकर्तालाई चलायमान बनाउने काँग्रेसको विशेष अभियान सकियो

समाज संवाददाता

हेटौंडाः आफ्ना कार्यकर्ताहरुलाई चलायमान बनाउने उद्देश्यसहित् नेपाली कांग्रेस मकवानपुरले सञ्चालन गरेको १० दिने आन्तरिक विशेष अभियान २०८० सम्पन्न भएको छ । पार्टीको केन्द्रीय परिपत्र अनुसार साउन २० गतेबाट सुरु भएको अभियान मंगलबार एक कार्यक्रमको बीच समापन गरिएको हो । विशेष अभियान समापन कार्यक्रमलाई केन्द्रीय सदस्य लक्ष्मी खतिवडाले सम्बोधन गर्नु भयो ।

उहाँले कांग्रेसको नेता कार्यकर्ताहरुलाई चलायमान बनाउन, कार्यकर्ताहरुमा उत्साह थप्न तथा पार्टीलाई गतिशील बनाउनको निमित्त पार्टीले अभियान सञ्चालन गरेको बताउनुभयो । कार्यक्रमले पार्टी भित्रको कमिकमजोरीलाई सुधार गर्दै लैजाने बताउँदै नेता, कार्यकर्ता बीच भएको मनमुटाव तथा वैमनस्यतालाई हटाउँदै लैजान अभियानले सहयोग पुऱ्याउने उहाँले दावी गर्नुभयो ।

मकवानपुरमा कांग्रेसका भातृ संगठनको फेसबूक पेज हुनुपर्ने, पार्टीको सबै तहको नेताबीच समन्वय हुनुपर्ने, पार्टीको सबै भातृ संगठनका प्रतिनिधिहरुको विवरण जिल्ला, प्रदेश र संघमा पठाउन आवश्यक रहेको समेत् बताउनुभयो । पार्टीलाई बलियो बनाउन आम कार्यकर्ताहरुको विशेष भूमिका हुने भएकाले सबैले पार्टीलाई सहयोग गर्न उहाँले आग्रह समेत गर्नुभयो ।

जिल्ला सभापति बुद्ध लामाको सभाध्यक्षता तथा केन्द्रीय सदस्य लक्ष्मी खतिवडाको प्रमुख आतिथ्यमा समापन कार्यक्रम भएको हो । कार्यक्रममा विशेष अभियानको क्रममा गरिएका कामका बारेमा जानकारी गराइएको थियो । कार्यक्रममा काँग्रेस मकवानपुरका सचिव भिमसेन महतले जिल्लाको स्थानीय तहमा गएर गरिएको कार्यको प्रतिवेदन पेश गर्नुभएको थियो । जिल्ला सभापति बुद्ध लामाले केन्द्रीय परिपत्र अनुसार विभिन्न कार्यक्रमको आयोजना गरी पार्टीको भातृ संगठनलाई पूर्णता दिने काम गरेको बताउनुभयो । पार्टीमा भएको कमिकमजोरी सुधार गर्दै लैजाने हिसाबले काम गरेको बताउँदै केन्द्रमा पनि सुधारको आवश्यकता रहेकोले जिल्ला समिति बैठकबाट सुझाव दिने बताउनुभयो ।

# इन्धनको भाउ बढ्यो

काठमाडौंः नेपाल आयल निगमले इन्धनको मूल्य बढाएको छ । निगम व्यवस्थापन समितिको मंगलबार बसेको बैठकले पेट्रोल प्रतिलिटर ५ र डिजेल/मट्टितेलमा १४ रुपैयाँ मूल्यवृद्धि गर्ने निर्णय गरेको हो । इन्डियन आयल कर्पोरेसनबाट खरिद मूल्य बढेर आएकोले मूल्य समायोजन गरिएको निगमले जनाएको छ ।

नयाँ तोकिएको मूल्य बुधबार बिहान १ बजेदेखि लागू हुने निगमका प्रवक्ता मनोज ठाकुरले मंगलबार जारी गरेको विज्ञप्तिमा जनाइएको छ । मूल्यवृद्धिसँगै अब उपभोक्ताले प्रतिलिटर पेट्रोलको मूल्य १७८ र मट्टितेल/डिजेलको १६७ रुपैयाँ तिर्नुपर्नेछ । यसअघि पेट्रोल प्रतिलिटर १७३ र डिजेल/मट्टितेल १५३ रुपैयाँ थियो ।

# यु–१९ छनोटमा मकवानपुरका १३ खेलाडी सहभागी

समाज संवाददाता

**हेटौंडाः यु–१९ फुटबलको राष्ट्रिय टिम तयार पार्ने उद्देश्यले भइरहेको छनोटमा मकवानपुरका १३ जना खेलाडी सहभागी भएका छन् । अखिल नेपाल फुटबल संघ (एन्फा) ले आयोजना गरेको राष्ट्रिय छनोटमा १९ वर्ष उमेर समूहका १३ जना खेलाडीहरुको सहभागिता रहेको हो ।**

**साफ च्याम्पियन यु–१९ प्रतियोगितामा मकवानपुरका १३ जना खेलाडीले देशभरबाट सहभागी हुन आएका एक सय जना खेलाडीसँग प्रतिस्पर्धा गर्नुपर्ने मकवानपुर जिल्ला फुटबल संघका महासचिव छवि सुवेदीले जानकारी दिनुभयो । छनोटमा सहभागी खेलाडीहरुबीच प्रतिस्पर्धा गराई उत्कृष्ट ४० जना खेलाडी छनोट गरिने उहाँले बताउनुभयो । राष्ट्रिय टोलीका लागि छनोट भएका ४० जना खेलाडीलाई साफ च्याम्पियन यु–१९ फुटबल प्रतियोगिता सुरु नभएसम्म बन्द प्रशिक्षणमा राखिने सुवेदीको भनाइ छ ।**

**खेलाडीहरुको बल, खुवी, क्षमता, कौशलता, रनिङ स्किल, फिटनेस, लगनशीलताका आधारमा पूर्वकोच नवीन न्यौपाने र पूर्वराष्ट्रिय क्याप्टेन हरि खड्काले छनोट गर्ने महासचिव सुवेदीले जानकारी दिनुभयो । बन्द प्रशिक्षणमा रहने खेलाडीहरुलाई मुभमेन्ट, आक्रमण, बलपास, रनिङ, गोलरक्षकलगायतका ट्रेनिङ दिइनेछ ।**

# लागुऔषधसहित २ जना पक्राउ

समाज संवाददाता

हेटौंडाः पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा-१५, रातोमाटेस्थित प्रहरी चेकपोष्टबाट लागुऔषधसहित दुईजना पक्राउ परेका छन् ।

सोमबार साँझ ६ बजेर ४५ मिनेटको समयमा प्रहरीले सुरक्षाजाँच गर्ने क्रममा बीरगन्जबाट हेटौंडातर्फ आउँदै गरेको ना १ ज ६३९० नम्बरको यात्रुबाहक माईक्रोलाई रोकी सुरक्षाजाँच गर्ने क्रममा उक्त लागुऔषध डाईजेपाम-१० एम्पुल, फेनार्गन-१० एम्पुल, नुर्फिन-१० एम्पुलसहित माईक्रोचालक हेटौंडा-१० का २७ वर्षीय सुजल खड्का, र माइक्रोमा सवार हेटौंडा-१ का ३० वर्षीय सुशील अर्याललाई नियन्त्रणमा लिइएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । दुबैजनालाई हिरासतमा राखी अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

# गाँजा र चरेशसहित भारतीय नागरिक पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले लागुऔषध गाँजा र चरेशसहित भारतीय नागरिकलाई पक्राउ गरेको छ । प्रहरीले हेटौंडाका एक युवालाई पनि पक्राउ गरेको छ ।

आइतबार राती ८ बजेर ३० मिनेटको समयमा पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा-१५, रातोमाटेस्थित प्रहरी चेकपोष्टमा हेटौंडाबाट बीरगंजतर्फ जाँदै गरेको बीआर ०५ एच ५११६ नम्बरको भारतीय कारलाई शंका लागी सुरक्षाजाँच गर्ने क्रममा लागुऔषध बरामद भएको हो । प्रहरीले कार चालक भारतको पूर्वि चम्पारणका २१ वर्षीय सत्यम कुमार र कारमा सवार भारत चम्पारणकै ४५ वर्षीय राम पुकार प्रसादलाई ३ केजी गाँजासहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

भारतीय नागरिकलाई सोधपुछ गर्ने क्रममा हेटौँडा-१८, हर्नामाडीका २९ वर्षीय भिम बहादुर घलानसँग गाँजा खरिद गरेको भन्ने विवरणका आधारमा प्रहरीले खोजी गर्ने क्रममा घलानलाई प्रहरीले हेटौंडा-१, लोकप्रियमोडबाट नियन्त्रणमा लिएको छ । घलानको घर खानतलासी गर्दा ६० ग्राम चरेस समेत फेला परेको प्रहरीले उल्लेख गरेको छ । प्रहरीले तीनैजनालाई हिरासतमा राखी आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।

# सहकारीको वार्षिकोत्सवमा ३५ जनाले रक्तदान गरे




*रक्तदान गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित प्रतिफल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको ११ औं स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रमको आयोजना गरेको छ । कार्यालय परिसरमै मंगलबार बिहान भएको कार्यक्रममा ३५ जनाले रक्तदान गरेका छन् ।

रक्तदान कार्यक्रमसँगै सहकारीले ग्यास सिलिण्डर लिक भएर आगलागी हुँदा अपनाउनुपर्ने सतर्कताका विषयमा पनि प्रदर्शन गरिएको थियो । ग्यास सिलिण्डर लिक भएर हुन सक्ने आगलागीको जोखिमको विषयबाट बच्न अपनाउनुपर्ने सतर्कताका विषयमा नेपाल स्काउटका अशोक सारु मगरले जानकारी गराउनुभएको थियो ।

सहकारीका अध्यक्ष दिलिश गोविन्द जोशीको अध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रममा २ नम्बर वडाअध्यक्ष विष्णुगोपाल महर्जन, ५ नम्बर वडा अध्यक्ष सुशील घिमिरेको पनि आतिथ्य रहेको थियो ।

### तरुण दलको आयोजनामा रक्तदान

हेटौंडाः तरुण दल मकवानपुरले आयोजना गरेको कार्यक्रममा २८ जनाले रक्तदान गरेका छन् । मंगलबार दिउँसो हेटौंडा-२ स्थित नेपाली कांग्रेस मकवानपुरको पार्टी कार्यालयमा रक्तदान कार्यक्रम भएको हो । नेपाली काँग्रेस मकवानपुरका सभापति बुद्ध लामाको उपस्थितिमा रक्तदान कार्यक्रम भएको हो । रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाले प्राविधिक सहयोग गरेको थियो ।

# गाँजासहित २ महिला पक्राउ




समाज संवाददाता

हेटौंडाः लागुऔषध गाँजासहित दुई महिलालाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ । प्रहरीले पक्राउ परेका महिलाको परिचय खुलाएको छैन ।

मंगलबार बिहान ८ बजेको समयमा हेटौंडा-१० स्थित बसपार्कमा पृथ्वी बस काउन्टर अगाडि शंकास्पद अवस्थामा बसिरहेका मकवानपुरगढी गाउँपालिका-१ की ३२ वर्षीया र ३५ वर्षीया महिलालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । प्रहरीले उनीहरुको साथबाट १२ किलो ६०० ग्राम गाँजा बरामद गरेको छ । बरामद भएको गाँजासहित उनीहरुलाई हिरासतमा राखी अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

# शिक्षा विकास इकाईमा शिक्षकको धर्ना

समाज संवाददाता

हेटौंडाः संघीय संसदमा पेश भएको विद्यालय शिक्षा विधेयकमा कमजोरी औंल्याउँदै ती कमजोरी सुधारको माग गर्दै शिक्षक महासंघले मंगलबार शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरको कार्यालय परिसरमा धर्ना दिएका छन् । मंगलबार जिल्लास्तरीय विरोधको कार्यक्रमअन्तर्गत इकाईमा धर्ना दिएको हो । यसअघि शिक्षक महासंघले देशभरका पालिकामा धर्ना दिएका थिए ।

बिहान ११ बजेदेखि दिनको २ बजेसम्म धर्नापछि शिक्षक महासंघ मकवानपुरका अध्यक्ष जीधराज ढकालले शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख दीनानाथ गौतमलाई ज्ञापनपत्र बुझाउनुभयो । धर्ना कार्यक्रमकै बीचमा शिक्षक महासंघका घटक विभिन्न संगठनका जिल्ला अध्यक्षहरुले शिक्षा विधेयकमा सुधारको आवश्यकताका विषयमा आआफ्ना धारणा राखेका थिए । २ बजे धर्ना सकिएपछि ज्ञापनपत्र बुझाइएको हो ।

शिक्षक महासंघले संघीय सरकारसँग भएका ३० बुँदे र ५१ बुँदे सहमतिलाई विद्यालय शिक्षा विधेयकमा समावेश गर्न माग गरेको छ । तेस्रो चरणको आन्दोलनअन्तर्गत शिक्षक महासंघले भोलि बिहिबार प्रदेशस्तरीय कार्यक्रम गर्दैछ । शिक्षक महासंघको नेतृत्वमा सातै प्रदेशका शिक्षा मन्त्रालयमा धर्ना दिने कार्यक्रम रहेको नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरका अध्यक्ष श्रीराम दहालले जानकारी दिनुभएको छ ।

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७




## लम्पी स्कीनबारे सचेतनामुलक सूचना

**रोग सर्ने तरिका**

यो रोग खास गरी arthropod vector बाट सर्ने गर्दछ ।
संक्रमित प्रजनन योग्य सांढेको विर्यबाट पनि यो रोग सर्न सक्दछ ।
संक्रमित पशुसँगको प्रत्यक्ष र अप्रत्यक्ष सम्पर्कबाट पनि यो रोग सर्न सक्छ ।

**लक्षणहरू**

ज्वरो आउने (४१ डिग्री सेन्टीग्रेड भन्दा माथि)
झोक्राउने, दाना पानी नखाने तथा दुब्लाउने
दुहुनो गाई भैंसीको दूध २५ देखी ८० प्रतिशतले घटन सक्ने,
सतही लिम्फ ग्रन्थी ठुलो हुने,
शरीरका विभिन्न भागहरु जस्तै घाँटी, खुट्टा, फाँचो, यौन अगंहरु वरपर र छालाको विभिन्न भागमा गिर्खा बन्ने
खुट्टा सुनिने र खुट्टाको गिर्खाले गर्दा पशुहरु हिँडडुल गर्न गाह्रो हुने
उपचार, रोकथाम, नियन्त्रण

**यस रोगको कुनै ठोस उपचार छैन । प्रविधिकको सल्लाहमा लक्षण अनुसार औषधीहरू** (antibiotic, antipyretic, and anti inflamatory) **दिन सकिन्छ ।**

नेपालमा हालसम्म यस रोगको विरुद्धको खोप प्रयोग गरिएको छैन ।
रोगको लक्षण देखिएको खण्डमा पशु चिकित्सक, प्रविधिकहरुसँग तुरुन्त परामर्श लिने ।
यस रोगको रोकथामको लागि रोगी पशुहरुको आवत जावत र ओसारपसारमा रोक लगाउने रोगी पशुहरुलाई अलग राखी उपचार गर्ने
रोग सार्ने लामखुट्टे, भाले किर्ना तथा झिंगा आदिको नियन्त्रण गर्ने ।

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**
**हेटौंडा नेपाल**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ